**बैठक संख्याः २०८३/८४-१**

आज मिति २०८३ श्रावण ०८ गते शुक्रबारका दिन विहान ८ बजे सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिलः*

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री डिल्ली खड्का | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थितिः*

श्री दुर्गा पुन मगर प्रशासन, योजना तथा अनुगमण शाखा

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Google plus –JJ8H+R22 RUKUMKOT
रुकुमकोट, रुकुम (पूर्वी भाग)

लुम्बिनी प्रदेश, नेपाल

प.स. २०८२।८३

**<u>मिति २०८३/०४/०८ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :</u>**

१. विविध कार्यविधि स्वीकृत सम्बन्धमा ।
- नागरिक सहभागिता एवम् जवाफदेहिता अभिवृद्धि कार्यविधि-, २०८३

२. कमलदहको भौतिक संरचना भाडाको न्युनतम भाडा दर सम्बन्धमा ।

३. सहिद स्मारक संग्रालयको भौतिक संरचनाको भाडादर सम्बन्धमा ।

४. प्राबिधिक कर्मचारी अपुग सम्बन्धमा ।

५. आर्थिक वर्ष २०८२/८३ को योजना अनुगमन प्रतिबेदन सम्बन्धमा ।

६. आर्थिक वर्ष २०८२/८३ को योजना फरफारक सम्बन्धमा ।

७. विविध ।

**प्रस्ताव नं १ विविध कार्यविधि स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं १:**

सिस्ने गाउँपालिकाको देहायका कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

- नागरिक सहभागिता एवम् जवाफदेहिता अभिवृद्धि कार्यविधि-, २०८३

**प्रस्ताव नं २ कमलदहको भौतिक संरचना भाडाको न्युनतम भाडा दर सम्बन्धमा ।**

**निर्णय नं २:**

सिस्ने गाउँपालिकाको "कमल दह परिसर र भौतिक सम्पत्ति भाडा व्यवस्थापन कार्यविधि, २०८३" को दफा ३ बमोजिम गठित "न्यूनतम भाडादर निर्धारण समिति" का संयोजक एवं सिस्ने गाउँपालिकाका उपाध्यक्ष श्री गोपाल रेउले ज्यूको अध्यक्षतामा बसेको समितिको बैंठकले गरेको न्यूनतम भाडादर निर्धारण समितिको बैंठकले गरेको न्यूनतम भाडा रु ४,२५,०००/- सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ सहिद स्मारक संग्रालयको भौतिक संरचनाको भाडादर सम्बन्धमा ।**

**निर्णय नं ३:**

मिति २०८३ साल ०४ महिना ०५ गतेका दिन सिस्ने गाउँपालिकाको "**शहीद स्मारक संग्रहालयको भौतिक सम्पत्ति भाडा व्यवस्थापन कार्यविधि, २०८३**" को दफा ३ बमोजिम गठित "**न्यूनतम भाडादर निर्धारण समिति**" का संयोजक एवं सिस्ने गाउँपालिकाका उपाध्यक्ष श्री गोपाल रेउले ज्यूको अध्यक्षतामा बसेको समितिको बैंठकले गरेको न्यूनतम भाडा रु २,४५,०००/- सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ कर्मचारी भर्ना सम्बन्धमा ।**

**निर्णय नं ४:**

सिस्ने गाउँपालिकाको सेवा प्रवाहका लागि आवश्यक पर्ने देहायका कर्मचारी भर्नाका गर्न विज्ञापन तथा छनौट प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

| **सिन** | **कर्मचरीको पद** | **संख्या** | **काम गर्नु पर्ने स्थान** | **सेवा सुविधा** |
|---|---|---|---|---|
| १ | अ.न.मी. (चौंथो तह) | १ | सामुदायिक स्वास्थ्य इकाइ पाखापानी | गापाको नियमानुसार |
| २ | सव इन्जिनियर (पाँचौं तह) | २ | वडा नं १ र वडा नं २ | नेपाल सरकारको नियममानुसार तलव स्केल |

**प्रस्ताव नं ५ अनुगमन समितिको प्रतिबेदन पेश सम्बन्धमा ।**

**निर्णय नं ५:**
चालु आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम अनुसार संचालन भएका योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन तथा सुपेरीवेक्षण सम्बन्धि गतिविधि समेटिएको प्रतिबेदन उपाध्यक्ष श्री गोपाल रेउलेबाट पेश भइ व्यापक छलफल गरी पारित गरियो ।

**प्रस्ताव नं ६ निर्माण सम्पन्न योजनाको फरफारक सम्बन्धमा ।**

**निर्णय नं ६:**
सिस्ने गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम अनुसार विनियोजन भइ निर्माण सम्पन्न भएका योजनाहरु पेश भए बमोजिम फरफारक गर्न निर्णय गरियो ।